नेपाल सरकार

## स्थानीय विकास मन्त्रालय

## जिल्ला विकास समितिको कार्यालय

## जिल्ला प्राविधिक कार्यालय

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना

# जिल्ला आयोजना कार्यालय

## इलाम

## प्रारम्भिक वातावरणीय परीक्षणसम्वन्धी राय सुझावका लागि सार्वजनिक सूचना

(प्रथमपटक प्रकाशित मिति : २०६६।४।१७)

ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP) अन्तर्गत एसियाली विकास बैंक, डिफिड तथा स्वीस सरकार विकास नियोगको अनुदान सहयोग तथा ओफिडको ऋण सहयोग तथा नेपाल सरकार, जिल्ला विकास समिति र लाभग्राही समेतको लगानीमा स्तरोन्नति/निर्माण गर्न प्रस्ताव गरिएका **(१) मंगलबारे - धुसेनी - गजुरमुखी - इभाङ सडक (२) इ.न.पा. - सोयाङ - दूधाङ - नयाँबजार सडक (३) राजदुवाली - चिसापानी - दानाबारी सडक** उपआयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यान्वयन गर्ने सिलसिलामा वातावरण संरक्षण नियमावली, २०५४ (पहिलो संशोधन, २०५५) नियमको ७ (२) अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावकको नाम** : जिल्ला विकास समितिको कार्यालय/जिल्ला प्राविधिक कार्यालय/जिल्ला आयोजना कार्यालय, इलाम।

**प्रस्तावित सडकको प्रभाव पार्ने गा.वि.स. हरु**

१. मंगलबारे-धुसेनी-गजुरमुखी-इभाङ सडक अन्तर्गत मंगलबारे, धुसेनी, गजुरमुखी र इभाङ गाविसहरू।
२. राजदुवाली-चिसापानी-दानाबारी सडक अन्तर्गत गोदक, चिसापानी र दानाबारी गाविसहरू।
३. इनपा-दूधाङ-सोयाङ-नयाँबजार सडकअन्तर्गत इलाम नगरपालिका, बरबोटे, सोयाङ र नयाँबजार गाविसहरू।

**प्रस्तावको विवरण**

**प्रस्तावित (१)** मंगलबारे-धुसेनी-गजुरमुखी-इभाङ्ग सडक उप-आयोजना मंगलबारे गाविसबाट सुरु भई इभाङ्ग गाविसको सातबिसे (फेवा खोला पारी) मा टुंगिन्छ। यो सडक मंगलबारे बजार, याक्सी, सिङ्गलप्पा, क्याबुङ्ग (लिम्बू गाउँ), बोरिबोटे बारुङ्ग, गजुरमुखी धाम, रत्न बस्ती र सातबिसे बस्तीहरू भएर जान्छ। यस सडकको जम्मा लम्बाइ २० कि.मि. छ।

**प्रस्तावित (२)** गोदक-चिसापानी-दानाबारी सडक उप-आयोजना गोदक गाविसको राजदुवालीबाट सुरु भई दानबारी गाविसको हात्ती छिरायो हुँदै शीतलुमा टुङ्गिन्छ। यो सडक राजदुवाली, राँगापानी, तिल्केभञ्ज्याङ्ग, सोमवारे बजार, सोक्तिम बजार हुँदै हात्ती छिरायो भएर जान्छ। यस सडकको जम्मा लम्वाइ २० कि.मि. छ।

**प्रस्तावित (३)** इ.न.पा.-बरबोटे-सोयाङ्ग-नयाँबजार सडक उप-आयोजना इलाम नगरपालिकाबाट सुरु भई नयाँ बजारको देवीस्थानमा टुङ्गिन्छ। यो सडक इ.न.पा., सिङ्गफिरिङ्ग, टुटेवर, घोपगाउँ, बरबोटे, दूधाङ्ग, लोक्साङ्ग, तीनतल्ले टोल, हेम्दोल टोल, सिस्ने, वीरमाने टोल, साठीमुरे टोल, देवीस्थान (लिम्बू गाउँ), सिम्ले टोल, भिमवर्ने भञ्ज्याङ्ग, कथ्याटोल, बरपिपल चौतारी, लाइका गाउँ, बौद्ध ढुङ्गा, भोटे टार, ढुङ्गे बजार, माने डाँडा, सिरिसे, नामगेल टोल, शेर्पा टोल, सोताङ्ग टोल, धराने टोल, आइतबारे, देवीस्थान, बस्नेत टोल हुँदै भण्डारी डाँडा भएर जान्छ। यस सडकको जम्मा लम्बाइ २० कि.मि. छ।

उल्लेखित सडक उप-आयोजनाहरूको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको बारेमा सम्वन्धित गा.वि.स., विद्यालय, स्वास्थ्य चौकी, वन उपभोक्ता समिति तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाहरूले यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो राय सुझाव तल उल्लेखित ठेगानामा पठाई सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ। साथै यसै बमोजिमको राय सुझाव स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, जावलाखेल, ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना, आयोजना समन्वय एकाइ, एकान्तकुना तथा स्थानीय विकास मन्त्रालय पुल्चोक, काठमाडौंमा पनि पठाउन सकिनेछ।

*राय सुझाव पठाउने ठेगाना*

| | |
|---|---|
| **जिल्ला विकास समितिको कार्यालय, इलाम** | जिल्ला प्राविधिक कार्यालय<br>जिल्ला आयोजना कार्यालय, इलाम |
| टेलिफोन नं. ०२७-५२००९० | **टेलफोन नं. ०२७-५२०८३१** |
| फ्याक्स नं. ०२७-५२००५८ | **फ्याक्स नं. ०२७-५२१७४३** |

प्रकाशित: १८ साउन, २०६६ गोरखापत्र